# अध्यागमन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

प्रस्तावनाः नेपालमा विदेशीको आगमन, उपस्थिति र नेपालबाट विदेशीको प्रस्थानलाई नियमित एवं व्यवस्थित गर्ने तथा नेपाली नागरिकको विदेश प्रस्थान र विदेशबाट नेपालमा आगमनलाई व्यवस्थित गर्ने सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "अध्यागमन ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यागमन" भन्नाले विदेशीको नेपालमा आगमन, उपस्थिति र नेपालबाट प्रस्थान गर्ने प्रक्रिया सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकको प्रस्थान र आगमनलाई समेत जनाउँछ ।

(ख) "अध्यागमन अधिकृत" भन्नाले विभाग वा कार्यालयमा कार्यरत सङ्घीय निजामती सेवाको अधिकृत सम्झनु पर्छ र सो शब्दले अध्यागमन सम्बन्धी काम गर्न खटाइएको वा तोकिएको विदेशस्थित नेपाली नियोगमा कार्यरत अधिकृत कर्मचारीलाई समेत जनाउँछ ।

(ग) "अनुसन्धान अधिकृत" भन्नाले अध्यागमन सम्बन्धी कसूरको अनुसन्धान गर्न दफा २० को उपदफा (१) बमोजिम तोकिएको अधिकृत सम्झनु पर्छ।

(घ) "आगमन" भन्नाले नेपालभित्र नेपाली नागरिक वा विदेशीको प्रवेश सम्झनु पर्छ ।

(ङ) "कार्यालय" भन्नाले विभाग अन्तर्गतको अध्यागमन कार्यालय सम्झनु पर्छ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(छ) "नियन्त्रित क्षेत्र" भन्नाले दफा १४ बमोजिम तोकिएको क्षेत्र सम्झनुपर्छ।

(ज) "नियोग" भन्नाले विदेशस्थित नेपाली राजदूतावास, स्थायी नियोग, नेपाली महावाणिज्य दूतावास, नेपाली अवैतनिक महावाणिज्य दूतावास, नेपाली वाणिज्यदूतावास वा नेपाली अवैतनिक वाणिज्य दुतावास सम्झनु पर्छ र सो शब्दले नेपाल सरकारले समय समयमा विदेशमा प्रतिनिधित्व गर्न स्थापना गरेको अन्य कुनै निकायलाई समेत जनाउँछ ।

(झ) “राहदानी” भन्नाले नेपाल सरकार वा अन्य कुनै मुलुकको सरकारले विदेश भ्रमणको लागि जारी गरेको राहदानी, ट्राभल डकुमेण्ट वा यस्तै भ्रमण गर्ने स्वीकृति प्रदान गरिएको अनुमति पत्र सम्झनु पर्छ र सो शब्दले संयुक्त राष्ट्र सङ्घ वा अन्य अन्तर्राष्ट्रिय वा क्षेत्रीय सङ्गठनबाट जारी भएको लेसेपेसेलाई समेत जनाउँछ ।

(ञ) “प्रस्थान” भन्नाले नेपाली नागरिक वा विदेशीको नेपालबाट बाहिर हुने गमन सम्झनु पर्छ।

(ट) “भिसा” भन्नाले कुनै विदेशीलाई नेपालमा प्रवेश तथा उपस्थितिको लागि दिइने दफा ५ बमोजिमको भिसा सम्झनु पर्छ र सो शब्दले विदेश भ्रमण गर्ने नेपाली नागरिकको हकमा सम्बन्धित मुलुकको सरकारबाट सो मुलुकमा प्रवेश तथा उपस्थितिका लागि जारी गरिएको अनुमतिपत्र वा द्विपक्षीय वा बहुपक्षीय सम्झौता बमोजिम जारी हुने अनुमतिपत्रलाई समेतजनाउँछ ।

(ठ) “मन्त्रालय” भन्नालेनेपाल सरकारको गृह मन्त्रालय सम्झनु पर्छ ।

(ड) “महानिर्देशक” भन्नाले विभागको प्रमुख सम्झनु पर्छ ।

(ढ) “विदेशी” भन्नाले तत्काल नेपालको नागरिक नभएको कुनै व्यक्ति सम्झनु पर्छ ।

(ण) “विभाग” भन्नाले अध्यागमन विभाग सम्झनु पर्छ ।

## परिच्छेद-२
## अध्यागमन प्रकृया

३. नेपालमा प्रवेश तथा उपस्थितिः(१) कुनै विदेशीले नेपालभित्र प्रवेश गर्दा वा नेपालमा बस्दा सम्बन्धित मुलुकको राहदानी र नेपालको भिसा लिएको हुनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले कुनै मुलुकका नागरिकलाई पारस्परिकताको आधारमा भिसा नलिई नेपालभित्र प्रवेश गर्न वा बस्न दिन सक्नेछ। त्यस्तो मुलुकका नागरिकले नेपालमा प्रवेश गर्दा वा बस्दा तोकिए बमोजिमका कागजात पेश गर्नु पर्नेछ ।

(३) देहायका विदेशीलाई नेपालको भिसा दिन वा नेपालभित्र प्रवेश गर्न नेपालको आगमन बिन्दुमा नै इन्कार गर्न सकिनेछः-

(क) राहदानी, भिसा वा यात्रा सम्बन्धी कागजात शङ्कास्पद देखिएको वा वैध नरहेको,

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली विपरीत काम गरे बापत निष्काशन गरिएको वा नेपालमा प्रवेश गर्न निषेध गरिएको,

(ग) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम नेपालमा बस्न पाउने अवधि व्यतित गरिसकेको ।

(४ ) नेपालमा विदेशीको प्रवेश तथा उपस्थिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४. नेपालबाट प्रस्थानः (१) कुनै नेपाली नागरिकले विदेश प्रस्थान गर्दा नेपालको राहदानी र गन्तव्य मुलुकको भिसा लिई प्रस्थान गर्नु पर्नेछ ।

तर नेपाली नागरिकलाई भिसा आवश्यक नपर्ने वा आगमन बिन्दुमा नै भिसा प्रदान गर्ने मुलुकमा जाने नेपाली नागरिकलाई त्यस्तो मुलुकको भिसा नभए पनि प्रस्थान गर्न दिन सकिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयले देहायको अवस्थामा कारण खुलाई कुनै नेपाली नागरिकलाई अवधि तोकी वा नतोकी विदेश प्रस्थान गर्न रोक लगाउन सक्नेछः-

(क) कुनै अदालतले विदेश प्रस्थान गर्न रोक लगाउने गरी आदेश गरेकोमा,

(ख) कर, राजश्व, बैङ्किङ कारोबार वा त्यस्तै किसिमको अन्य आर्थिक वा वित्तीय बिषय सम्बन्धी कसूर, राहदानी वा अध्यागमन सम्बन्धी कसूर, भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचबिखन तथा ओसार पसार, अपहरण, लागूऔषध कारोवार, अवैध हातहतियार कारोबार, संगठित अपराध वा आतंकवाद सम्बन्धी कसूरको अभियोगमा अनुसन्धानको सिलसिलामा प्रचलित कानून बमोजिम अधिकारप्राप्त अधिकारीले विदेश प्रस्थान गर्न रोक लगाउन लेखी पठाएकोमा,

(ग) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर नकारात्मक प्रभाव पार्ने पर्याप्त र विश्वसनीय आधार भएमा,

(घ) नेपाल सरकार वादी भई मुद्धा चल्ने कुनै फौजदारी कसूर गरेको व्यक्ति वा कुनै कसूरमा प्रचलित कानून बमोजिम कुनै कारागार वा हिरासतमा रही त्यस्तो कारागार वा हिरासतबाट भागेको व्यक्ति भागी विदेश प्रस्थान गर्न लागेको भन्ने जानकारी प्राप्त भएमा वा सोको विश्वास गर्ने मनासिव आधार भएमा ।

(३) विभाग वा कार्यालयले देहायका व्यक्तिलाई नेपालबाट प्रस्थान गर्न रोक लगाउन सक्नेछः-

(क) राहदानी र प्रस्थान गर्ने मुलुकमा प्रवेश गर्नको लागि भिसा आवश्यक पर्नेमा त्यस्तो भिसा नभएको,

(ख) नेपालबाट प्रस्थान गर्नबाट रोक लगाउनका लागि प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारीबाट कारण सहितको जानकारी प्राप्त भएको ।

(४) उपदफा (३)  को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि पारस्परिकताको आधारमा नेपाली नागरिकलाई प्रवेश गर्न वा बस्न राहदानी र भिसा आवश्यक नपर्ने मुलुकमा जाने नेपाली नागरिकलाई तोकिएको कागजातको आधारमा नेपालबाट प्रस्थान गर्न दिन सकिनेछ ।

(५) नेपालबाट विदेश प्रस्थान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५. <u>नेपालको भिसाजारी गर्नेः</u> (१) विदेशीलाई नेपालमा प्रवेशको लागि देहाय बमोजिमकोकुनै भिसा जारी गर्न सकिनेछः-

(क) कूटनीतिक भिसा,

(ख) औपचारिक (अफिसियल) भिसा,

(ग) पर्यटक भिसा,

(घ) गैर पर्यटक भिसा,

(ङ) अन्तरिम (ट्रान्जिट) भिसा,

(च) तोकिए बमोजिमका अन्य भिसा ।

(२) विदेशीले नेपालको भिसा प्राप्तिको लागि दिने आवेदन तथा आवश्यक कागजात सङ्कलन तथा तत्सम्बन्धी सहजीकरण गर्ने जस्ता कार्य नेपाल सरकारले तोकिएका आधारमा कुनै कम्पनी वा संस्था मार्फत गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको कार्य गर्ने कम्पनी वा संस्थाले तोकिए बमोजिमका शर्तहरू पालना गर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम भिसा जारी गर्दा कागज, छाप वा विद्युतीय स्वरुपमा जारी गर्न सकिनेछ ।

(५) यस दफा बमोजिम जारी गरिएको भिसा तोकिएको आधारमा महानिर्देशकले रद्द गर्न सक्नेछ ।

(६) भिसा जारी गर्ने अधिकारी, भिसाको अवधि र भिसा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६. <u>आगमन बिन्दुमा भिसा जारी गर्न सकिनेः</u> (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका मुलुकका नागरिक बाहेक अन्य मुलुकका नागरिकलाई आगमन बिन्दुमा कूटनीतिक भिसा, औपचारिक भिसा, अन्तरिम भिसा, पर्यटक भिसा वा तोकिए बमोजिमको भिसा जारी गर्न सकिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफा बमोजिम आगमन बिन्दुमा भिसा नपाउने भनी तोकिएका मुलुकका कुनै नागरिकलाई प्रयोजन खुलाई मन्त्रालय वा परराष्ट्र मन्त्रालयले गरेको सिफारिस बमोजिम आगमन बिन्दुमा भिसा जारी गर्न सकिनेछ।

७. भिसा दस्तुरः (१) यस ऐन बमोजिम नेपालको भिसा जारी गर्दा वा भिसाको अवधि थप गर्दा सम्बन्धित विदेशी व्यक्तिबाट तोकिए बमोजिमको दस्तुर लिइनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन वा प्रचलित कानून बमोजिम थुना वा कैदमा परेको विदेशीको हकमा त्यसरी थुना वा कैद परेको अवधिको लागि भिसा दस्तुर लाग्ने छैन।

(३) नेपाल सरकारले तोकिएको अवस्थामा कुनै मुलुकको नागरिकको हकमा पारस्परिकताको आधारमा भिसाको प्रकार, अवधि र दस्तुरमा समानता कायम गर्न वा भिसा दस्तुर छुट दिन वा मिनाहा गर्न सक्नेछ ।

८. जाँचबुझ गर्न सक्नेः (१) विदेशीको आगमन, उपस्थिति र प्रस्थानसँग सम्बन्धित कागजात वा विद्युतीय सामग्री महानिर्देशक, अध्यागमन अधिकृत वा महानिर्देशकले तोकेको कर्मचारीले जुनसुकै स्थान र समयमा जाँचबुझ गरी तत्सम्बन्धी कागजपत्र वा विद्युतीय सामग्री आफ्नो कब्जामा लिन सक्नेछ ।

स्पष्टीकरणः यस उपदफाको प्रयोजनको लागि "विद्युतीय सामग्री" भन्नाले अध्यागमनसँग सम्बन्धित कार्यको लागि प्रयोग हुने विद्युतीय उपकरण र सो सम्बन्धी तथ्याङ्क सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिमको कार्यको लागि आवश्यकता अनुसार सुरक्षाकर्मीको सहयोग माग गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम सहयोग माग भएमा सम्बन्धित सुरक्षा निकायले आवश्यक सुरक्षा प्रबन्ध मिलाउनु पर्नेछ ।

## परिच्छेद-३

## विदेशी सम्बन्धी व्यवस्था

९. अध्यागमन सम्बन्धमा विदेशीको दायित्वः अध्यागमन सम्बन्धमा विदेशीको दायित्व देहाय बमोजिम हुनेछः-

(क) प्रचलित नेपाल कानूनको पालना गर्नु पर्ने,

(ख) नेपालको सार्वजनिक व्यवस्था, साँस्कृतिक एवं सामाजिक सद्भावमा खलल पुग्ने कार्य गर्न वा गराउन नहुने,

(ग) कुनैपनि राजनीतिक गतिविधि गर्न वा गराउन नहुने,

(घ) नेपालको राष्ट्रिय सुरक्षा तथा मित्र राष्ट्रसँगको सम्बन्धमा आँच आउने कार्य गर्न वा गराउन नहुने,

(ङ) जुन उद्देश्यको निमित्त भिसा प्राप्त गरेको हो सो बाहेक अन्य काममा प्रयोग गर्न वा गराउन नहुने ।

१०. विदेशीको अनुगमन तथा सुपरीवेक्षणः (१) विदेशीको नेपालभित्र प्रवेश, उपस्थिति, चालचलन तथा गतिविधिका सम्बन्धमा अनुगमन तथा सुपरीवेक्षणका लागि विभाग र प्रत्येक जिल्लामा तोकिए बमोजिमको समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

११. विवरण दर्ता गराउनु पर्नेः (१) नेपालमा प्रवेश गर्ने जुनसुकै विदेशीले निज नेपालमा बसोबास गर्ने स्थान, सम्पर्क नम्बर वा सम्पर्क व्यक्ति सम्बन्धी विवरण नेपालको आगमन बिन्दुमा दर्ता गर्नु पर्नेछ ।

(२) विदेशी बसोबास गर्ने नेपालको होटल, होमस्टे, मोटेल, गेष्ट हाउस, धर्मशाला वा घरको धनीले त्यस्तो विदेशीको तोकिएको विवरण नजिकको अध्यागमन कार्यालय, प्रहरी कार्यालय, मन्त्रालय अन्तर्गतको कुनै कार्यालय वा स्थानीय तहको वडा कार्यालयमा वा विभागले सञ्चालनमा ल्याएको विद्युतीय प्रणालीमा उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम विवरण दर्ता गर्ने वा विवरण उपलब्ध गराउने तथा तत्सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१२. स्वीकृति नलिई काम गर्न नहुनेः विदेशीले प्रचलित कानून बमोजिम पूर्व स्वीकृति नलिई नेपालभित्र कुनै पेशा, व्यवसाय वा सेवामा संलग्न भई कामकाज गर्नु हुँदैन ।

१३. विदेशीलाई प्राप्त हुने अधिकारः विदेशीलाई देहाय बमोजिमको अधिकार प्राप्त हुनेछः-

(क) नेपालभित्र प्रवेश गरेका विदेशीले प्रचलित कानून बमोजिमको संरक्षण प्राप्त गर्ने,

(ख) अध्यागमन सम्बन्धी सेवाको बारेमा सम्बन्धित निकायबाट प्रचलित कानून बमोजिम सूचना माग गर्ने ।

## परिच्छेद-४

## नियन्त्रित क्षेत्र

१४. नियन्त्रित क्षेत्र तोक्न सक्नेः नेपाल सरकारले भौगोलिक, सामाजिक, साँस्कृतिक वा जैविक विविधता समेतको संरक्षण गर्न तथा नेपालको आन्तरिक सुरक्षालाई मजबुत बनाउन नेपाल भित्रको कुनै निश्चित भू-भाग वा स्थानलाई नियन्त्रित क्षेत्रको रुपमा तोक्न सक्नेछ ।

१५. अनुमति लिनु पर्नेः (१) विदेशीले नियन्त्रित क्षेत्रमा भ्रमण वा पदयात्रा गर्नु पूर्व विभागबाट अनुमति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमति लिंदा नेपाल सरकारबाट भ्रमण वा पदयात्रा कार्यक्रम सञ्चालन गर्न प्रचलित कानून बमोजिम अनुमति प्राप्त गरेको संस्था मार्फत लिनु पर्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विदेशीले त्यस्तो अनुमति माग गर्दा त्यस्तो संस्था मार्फत माग गर्नु अनिवार्य हुने छैनः-

(क) कूटनीतिक भिसा प्राप्त गरेका,

(ख) नेपाल सरकारसँग भएको सम्झौताका शर्तमा दस्तुर नलाग्ने उल्लेख भएकोमा त्यस्तो सम्झौता बमोजिमको कामसँग सम्बन्धित क्षेत्रमा जाने प्रयोजनका लागि भ्रमण अनुमति माग गरेका,

(ग) मन्त्रालयको स्वीकृतिमा अध्ययन, अनुसन्धान वा कुनै आयोजनाको सर्वेक्षण गर्न जाने, वा

(घ) नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम भएका।

(४) यस दफा बमोजिम नियन्त्रित क्षेत्रमा भ्रमण वा पदयात्रा गर्न अनुमति माग गर्दा तोकिए बमोजिमको दस्तुर बुझाउनु पर्नेछ ।

तर उपदफा (३) बमोजिमका विदेशीको हकमा महानिर्देशकले त्यस्तो दस्तुर नलाग्ने गरी छुट दिन सक्नेछ।

(५) नियन्त्रित क्षेत्रमा भ्रमण गर्दा भ्रमण अनुमतिमा उल्लेख भए बमोजिमको पदमार्गको प्रयोग गर्नु पर्नेछ ।

(६) नियन्त्रित क्षेत्रमा भ्रमण अनुमति दिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-५

## कसूर र सजाय

१६. अध्यागमन कसूरः कुनै व्यक्तिले देहायका कुनै कार्य गरेमा अध्यागमन सम्बन्धी कसूर गरेको मानिनेछः-

(क) विदेशको राहदानी वा नेपालको भिसाको विवरण आफूखुशी सच्याएमा वा परिवर्तन गरेमा,

(ख) विदेशको नक्कली राहदानी वा नेपालको नक्कली भिसा प्रयोग गरी नेपालमा प्रवेश गरेमा वा बसेमा,

(ग) विदेशको राहदानी वा नेपालको भिसा अवैध रुपमा प्रयोग गरेमा,

(घ) अर्काको राहदानी वा भिसा प्रयोग गरी आगमन वा प्रस्थान गरेमा, अध्यागमन बिन्दु पार गरेमा वा विदेशीले अर्काको राहदानी वा भिसा प्रयोग गरी नेपालमा बसोबास गरेमा,

(ङ) कुनै विदेशीले झुट्टा विवरण दिई वा झुक्याई नेपालको भिसा प्राप्त गरेमा वा अध्यागमन प्रक्रियामा त्यसको प्रयोग गरेमा,

(च) नेपालको भिसा लिन झुट्टा विवरण दिएमा,

(छ) अध्यागमन हिरासतमा रहेको कुनै नेपाली नागरिक वा विदेशीले गैर कानूनी गतिविधि गरेमा,

(ज) कुनै विदेशीले भ्रमण वा पदयात्रा अनुमति नलिई नियन्त्रित क्षेत्रमा प्रवेश गरेमा,

(झ) अध्यागमन अधिकृत वा कर्मचारीलाई दुर्व्यवहार गरेमा।

१७. <u>सजायः</u> (१) कसैले दफा १६ को खण्ड (क), (ख), (ग), (घ) वा (ङ) बमोजिमको कसूर गरे वा गराएमा पाँच वर्षसम्म कैद वा पाँचलाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

(२) कसैले दफा १६ को खण्ड (च), (छ), (ज) वा (झ) बमोजिमको कसूर गरे वा गराएमा एक वर्ष सम्म कैद वा एकलाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम सजाय हुने कसूर गर्न सघाउने वा अन्य कुनै व्यहोराले मतियार भई कार्य गर्ने व्यक्तिलाई त्यस्तो कसूर गर्ने मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ।

१८. <u>जरिबाना गर्न सक्नेः</u> (१) कसैले दफा १६ र ३० मा लेखिए देखि बाहेक यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै कार्य गरे वा गराएमा महानिर्देशकले एकलाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जरिबाना भएको व्यक्तिले कुनै बिगो वा दस्तुर तिर्नु पर्ने देखिएमा सो समेत असुल उपर गर्नु पर्नेछ ।

१९. <u>नेपाल सरकार वादी हुने</u>ः यस ऐन बमोजिमको कसूर सम्बन्धी मुद्दा नेपाल सरकार वादी हुनेछ र त्यस्तो मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-२ मा परेको मानिनेछ।

२०. <u>अनुसन्धान तथा तहकिकातः</u> (१) यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको अनुसन्धान तथा तहकिकात महानिर्देशकले तोकेको अध्यागमन अधिकृतले गर्नेछ ।

(२) अनुसन्धान अधिकृतले अध्यागमन सम्बन्धी कसूरको अनुसन्धान तथा तहकिकात शुरु गर्नासाथ सोको जानकारी महानिर्देशकलाई दिनु पर्नेछ ।

२१. <u>निष्काशन गर्न सकिनेः</u> (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा प्रचलित कानून विपरीत कार्य गरे बापत यो ऐन वा प्रचलित कानून बमोजिम सजाय भोगिसकेका भिसा लिनु पर्ने वा नियमित गर्नुपर्ने अवस्थाका विदेशीलाई भिसा नियमित गरी महानिर्देशकले अवधि तोकी वा नतोकी नेपालबाट निष्काशन गर्न सक्नेछ।

तर कूटनीतिक उन्मुक्ति वा सुविधा प्राप्त कुटनीतिक राहदानी वाहक विदेशीलाई नेपालबाट निष्काशन गर्नु परेमा नेपाल सरकारको स्वीकृति लिई मन्त्रालयको सचिवले निष्काशन गर्न सक्नेछ।

(२) तीन पटकसम्म यस ऐन बमोजिम सजाय पाएको विदेशीलाई उपदफा (१) बमोजिम निष्काशन गर्दा कम्तीमा पाँच वर्ष नेपालमा प्रवेश गर्न नपाउने गरी निष्काशन गर्नु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम निष्काशन गरिएको विदेशीले त्यसरी निष्काशन गर्दा तोकिएको अवधिसम्म नेपालभित्र पुनः प्रवेश गर्न पाउने छैन।

(४) नेपालमा रहेको विदेशीलाई निष्काशन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२२. <u>प्रचलित कानून बमोजिम कारबाही गर्न बाधा नपर्ने:</u> यस ऐनमा लेखिएको कुनै कुराले कुनै व्यक्तिको सम्बन्धमा अन्य प्रचलित कानून बमोजिम अदालतमा मुद्दा चलाउन बाधा पुऱ्याएको मानिने छैन।

२३. <u>मुद्दा हेर्ने अधिकारी:</u> दफा १६ को खण्ड (क), (ख), (ग), (घ) वा (ङ) बमोजिमको कसूर सम्बन्धी मुद्दाको सुरु कारबाही र किनारा सम्बन्धित जिल्ला अदालतले र सो दफाको खण्ड (च), (छ), (ज) वा (झ) बमोजिमको कसूर सम्बन्धी मुद्दाको सुरु कारबाही र किनारा महानिर्देशकले गर्नेछ ।

२४. <u>पुनरावेदन गर्न सक्ने:</u> (१) दफा २३ बमोजिम जिल्ला अदालतले गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले त्यस्तो निर्णय थाहा पाएको मितिले पैंतीस दिन भित्र सम्बन्धित उच्च अदालत समक्ष पुनरावेदन गर्न सक्नेछ ।

(२) दफा २३ बमोजिम महानिर्देशकले गरेको निर्णय वा दफा १८ वा दफा ३० को उपदफा (४) बमोजिम महानिर्देशकले गरेको जरिवाना उपर चित्त नबुझ्ने पक्षले त्यस्तो निर्णय थाहा पाएको मितिले पैंतीस दिन भित्र सम्बन्धित जिल्ला अदालत समक्ष पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद-६

## <u>विविध</u>

२५. <u>अनुगमन, सुपरीवेक्षण तथा समन्वय</u>ः (१) महानिर्देशकले अध्यागमन प्रकृया सम्बन्धमा समय समयमा अनुगमन तथा सुपरीवेक्षण गर्नु वा गराउनु पर्नेछ ।

(२) महानिर्देशकले विभाग, कार्यालय तथा अध्यागमन सम्बन्धी कार्य गर्ने अन्य निकायको सुपरीवेक्षण तथा भिसा जारी गर्ने अन्य निकायसँग समन्वय कायम गर्नु पर्नेछ ।

२६. <u>अन्य निकायबाट कार्य सम्पादन गराउन सकिने:</u> अध्यागमन कार्यालय नभएको स्थानमा भिसा जारी गर्ने र भिसाको म्याद थप गर्ने बाहेक अध्यागमन सम्बन्धी तोकिए बमोजिमका अन्य कार्य मन्त्रालय अन्तर्गतका अन्य निकायबाट समेत गराउन सकिनेछ ।

२७. <u>अध्यागमन सुरक्षा सम्बन्धी व्यवस्था</u>ः अध्यागमन सम्बन्धी कार्यलाई सुरक्षित एवं मर्यादित बनाउन मन्त्रालयले आवश्यक प्रबन्ध मिलाउनु पर्नेछ।

२८. <u>यात्रा अनुमतिपत्र जारी गर्न सक्ने:</u> नेपालमा रहेको कुनै विदेशीको राहदानी हराई, नोक्सान भई, म्याद समाप्त भई वा अन्य कुनै कारणले प्रयोग हुन नसक्ने भएमा त्यस्तो विदेशीलाई नेपालबाट प्रस्थान गराउने प्रयोजनको लागि मन्त्रालयको सिफारिसमा परराष्ट्र मन्त्रालयले तोकिए बमोजिम यात्रा अनुमतिपत्र जारी गर्न सक्नेछ ।

२९. नेपाल सरकारको अधिकारः (१) कुनै विदेशीलाई नेपालको भिसा दिने वा नदिने, नेपालमा उपस्थित रहन दिने वा नदिने वा नेपालबाट प्रस्थान गर्न दिने वा नदिने सम्बन्धी सम्पूर्ण अधिकार नेपाल सरकारमा निहित रहनेछ।

(२) नेपाल सरकारले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको सबै वा केही व्यवस्था कुनै विदेशीलाई लागू नहुने वा तोकिएका शर्तहरु बमोजिम मात्र लागू हुने गरी व्यवस्था गर्न सक्नेछ।

(३) नेपाल सरकारलाई नेपालभित्र कुनै विदेशीको प्रवेश, उपस्थिति वा प्रस्थानबाट राष्ट्रिय हित तथा शान्ति सुरक्षामा प्रतिकूल असर पर्न सक्छ भन्ने लागेमा त्यस्तो विदेशीको प्रवेश, उपस्थिति वा प्रस्थान निषेध गर्न सक्नेछ।

(४) नेपाल सरकारले विशेष अवस्थामा कुनै विदेशीलाई भिसा नलिई नेपाल भित्र प्रवेश र उपस्थितिको अनुमतिदिन सक्नेछ।

३०. यात्रुवाहक वायुसेवा कम्पनीको दायित्वः (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम नेपाल प्रवेश गर्न रोक लगाईएका वा आगमन बिन्दुमा भिसा प्राप्त गर्न नसक्ने विदेशीलाई यात्रुवाहक वायुसेवा कम्पनीले नेपाल प्रवेश गराउनु हुँदैन ।

तर आपतकालीन अवस्था परी नेपालको विमानस्थलमा विमान अवतरण गराएकोमा यो व्यवस्था लागू हुनेछैन ।

(२) उपदफा (१) बमोजिमको कारण वा आगमन बिन्दुको अध्यागमन अधिकृतले अन्य कुनै कारण जनाई नेपाल प्रवेश गर्न अनुमति नदिएका विदेशीलाई निजको आफ्नो मुलुक वा जुन मुलुकबाट नेपाल प्रवेश गर्न लागेको हो सोही मुलुक फिर्ता लैजाने जिम्मेवारी सम्बन्धित वायुसेवा कम्पनीको हुनेछ ।

(३) उपदफा (२) बमोजिम कुनै वायुसेवा कम्पनीले त्यस्तो विदेशीलाई फिर्ता नलगेमा महानिर्देशकले त्यस्तो विदेशीलाई अन्य वायुसेवा कम्पनी मार्फत फिर्ता पठाउन सक्नेछ र त्यसरी फिर्ता पठाउँदा लाग्ने सम्पूर्ण खर्च उपदफा (२) बमोजिमको वायुसेवा कम्पनीले व्यहोर्नु पर्नेछ।

(४) उपदफा (१) विपरीतको कार्य गर्ने वायुसेवा कम्पनीलाई सम्बन्धित विमानस्थलको अध्यागमन कार्यालय प्रमुखको प्रतिवेदनको आधारमा महानिर्देशकले पहिलो पटक पचास हजार रुपैयाँ र दोस्रो पटकदेखि एकलाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

तर सम्बन्धित वायुसेवा कम्पनीले त्यस्तो कसूर विद्यमान रहेको अवस्था तत्काल थाहा हुन नसकेको विश्वसनीय आधार पेश गरेमा महानिर्देशकले त्यस्तो सजायमा छुट दिन सक्नेछ ।

३१. शर्त पालना गर्नु पर्नेः प्रचलित कानून बमोजिम विदेशीलाई नेपाल भ्रमण वा नेपालीलाई विदेश भ्रमणको लागि सहजीकरण गर्ने व्यक्ति वा संस्थाले अध्यागमन प्रकृया सम्बन्धमा तोकिएका शर्त पालना गर्नु पर्नेछ ।

३२. सम्पर्क गर्नसक्ने: अध्यागमन सम्बन्धी विषयमा विभागले विदेशस्थित नेपाली नियोग तथा नेपालस्थित कुनै विदेशी नियोगसंग तोकिए बमोजिम सम्पर्क गर्न सक्नेछ।

३३. असल नियतले गरेको कामको बचाउः यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम असल नियतले गरेको कुनै कामको सम्बन्धमा कुनै कर्मचारी उपर मुद्दा चलाइने वा अन्य कुनै कारबाही गरिने छैन।

३४. अधिकार प्रत्यायोजन गर्न सक्ने: (१) यस ऐन बमोजिम महानिर्देशकले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार नियोग, विभाग वा कार्यालयका अध्यागमन अधिकृत वा कर्मचारी वा अन्य निकायका अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

तर महानिर्देशकको मुद्दा हेर्ने र जरिवाना गर्ने अधिकार प्रत्यायोजन गर्न सकिने छैन ।

(२) यस ऐन बमोजिम भिसा जारी गर्न महानिर्देशकबाट अधिकार प्रत्यायोजन भएका अधिकृत वा कर्मचारी भिसा सम्बन्धी कार्यका हकमा महानिर्देशक प्रति जवाफदेही हुनेछन् र अध्यागमन सम्बद्ध विषयमा विभागको निर्देशनको पालना गर्नु निजको कर्तव्य हुनेछ ।

३५. प्रचलित कानून बमोजिम हुने: अध्यागमन सम्बन्धी कार्यमा यस ऐनमा उल्लिखित विषयमा यसै ऐन बमोजिम र अन्यमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

३६. नियम बनाउने अधिकार: यो ऐन कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

३७. निर्देशिका वा कार्यविधि बनाउन सक्ने: यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम प्रतिकूल नहुने गरी मन्त्रालयले निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

३८. खारेजी र बचाउः (१) अध्यागमन ऐन, २०४९ खारेज गरिएको छ।

(२) अध्यागमन ऐन, २०४९ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।